

# २०१६ मा कक्षा ३ देखि ८ सम्मको मूल्यांकनहरूमा परिवर्तन: अविभावकले जान्नु पर्ने कुराहरू

**प्रत्येक वसन्तमा कक्षा ३ देखि ८ सम्मको इंग्लिस ल्याङ्ग्वेज आर्ट्स (इएलए) र गणित विषयमा न्यूयोर्क राज्य भरिका विद्यार्थीहरूको परीक्षा लिइने छ। तल तपाईंले स्टेट एजुकेशन डिपार्टमेन्टले २०१६ को लागि यी परीक्षाहरूमा ल्याएको परिवर्तनहरूबारे जानकारी पाउनुहुनेछ।**

## परीक्षा प्रश्नहरूको संख्यामा कमी

२०१६ को कक्षा ३ देखि ८ सम्मको इंग्लिस ल्याङ्ग्वेज आर्ट्स (इएलए) परीक्षाहरूमा एउटा खण्ड कम हुनेछ र थोरै प्रश्नहरूको जवाफ दिनुपर्नेछ। २०१६ को कक्षा ३ देखि ८ सम्मको गणित विषयको परीक्षामा पनि थोरै प्रश्नहरू हुनेछन्।

## समय-सीमा नतोकिने परीक्षण

२०१६ को कक्षा ३ देखि ८ सम्मको गणित विषयको परीक्षामा समय-सीमा तोकिने छैन। यो परिवर्तनले विद्यार्थीहरूलाई उनीहरूकै गतिमा काम गर्न दिँदै उनीहरूले जान्ने र गर्नसक्ने कुरा प्रदर्शन गर्ने मौका दिनेछ। सामान्य तरिकाले भन्दा, यसको अर्थ के हो भने उत्पादनशील ढङ्गमा काम गरेमा परीक्षा पूरा गर्नको लागि विद्यार्थीहरूलाई जति धेरै समय आवश्यकता पर्छ सो प्रदान गरिनेछ।

## शिक्षकको संलग्नता धेरै

मूल्याङ्कनहरूको तयारी र समीक्षा गर्ने कार्यमा संलग्न हुने न्यूयोर्क स्टेट शिक्षकहरूको संख्यालाई स्टेट एजुकेशन डिपार्टमेन्टले बढाएको छ, साथै यसले भविष्यको मूल्याङ्कनहरूको विकास कार्यमा संलग्न हुने शिक्षकहरूका निम्ति अवसरहरू पनि बढाएको छ।

- अक्टोबर २०१५ मा राष्ट्रभरिका शिक्षकहरू अल्बानीमा परीक्षाहरूमा प्रयोग गरिने मूल्याङ्कन प्रश्नहरूको छनौट र लेखाजोखा गर्न भेला भएका थिए।
- २०१५ को शिशिर र त्यसपछि न्यूयोर्क स्टेट शिक्षकहरू मूल्याङ्कन प्रश्नहरू र अन्तिम परीक्षण फारामहरूको समीक्षा कार्यमा यस अघि पनि संलग्न संलग्न हुँदै आएका छन् र आगामी दिनहरूमा पनि संलग्न हुने छन्।
- *पहिलो पटक*, न्यूयोर्क स्टेट शिक्षकहरूले कक्षा ३ देखि ८ सम्मको इएलए र गणितको परीक्षा-प्रश्नहरू लेख्नेछन्। प्रथम पटक २०१८ देखि यी प्रश्नहरूलाई प्रयोग गर्न थालिनेछ।

## नयाँ परीक्षा सेवा प्रदायक

गत वर्षको ग्रीष्ममा क्वेस्टर एसेस्मेंट्स इन्कर्पोरेटेडलाई स्टेटको कक्षा ३ देखि ८ सम्मको इएलए र गणितको मूल्याङ्कन ठेक्का प्रदान गरिएको छ। क्वेस्टरले विभागसंग माथि उल्लेखित परिवर्तनहरू र कक्षा ३ देखि ८ सम्मको इएलए र गणितको मूल्याङ्कनहरूमा भएको परिवर्तनहरूका बारेमा सझेदारीमा काम गरेको छ।

मूल्याङ्कन कार्यक्रमहरू, नीतिहरू र प्रक्रियाहरू सम्बन्धी प्रश्नहरू emscassessinfo@nysed.gov मा पठाउन सकिन्छ।

**NEPALI**

NYS ED .gov engage ny
Our Students. Their Moment.

